दर्ता नं. ८७८-०६०/६१

Shikhar Insurance
Happysurance

मितिः २०८०।११।१७

च.न.: १७५८।२०८०।८१

नेपाल स्टक एक्सचेन्ज लि.,
काठमाण्डौ ।

विषयः जानकारी गराइएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८०।११।१६ गते बुधबार साँझ ४ बजे सम्पन्न यस कम्पनीको ३२३ औं संचालक समितिको बैठकबाट कम्पनीको १९ औं वार्षिक साधारण सभा मिति २०८० चैत्र ९ गते शुक्रबार बिहान ११ बजे कम्पनीको केन्द्रिय कार्यालय शिखर बिज सेन्टर, थापाथली काठमाण्डौमा सम्पन्न गर्ने सम्बन्धि निर्णय भएको तथा साधारण सभाको लागि मिति २०८० फाल्गुन २७ गते देखि साधारण सभा सम्पन्न नहुन्जेल सम्मको लागि शेयर दाखिला खारेज बन्द गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

संलग्न : वार्षिक साधारण सभाको सूचना

भवदिय,

सुरज राजबाहक
कम्पनी सचिव

शिखर इन्स्योरेन्स कम्पनी लि. काठमाडौं

शिखर इन्स्योरेन्स कम्पनी लि. को
१९ औं बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

सम्पूर्ण शेयरधनी महानुभावहरु,
मिति २०८०/११/१६ गते बुधबार साँझ ४ बजे बसेको यस कम्पनीको संचालक समितिको ३२३ औं बैठकको निर्णय अनुसार कम्पनीको १९ औं बार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुमा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**मिति, समय र स्थानः**

मिति : २०८० साल चैत्र ९ गते शुक्रबार (तदनुसार २०२४/३/२२)

समय : बिहान ११ बजे

स्थान : शिखर इन्स्योरेन्स कम्पनी लि., केन्द्रिय कार्यालय, शिखर विज सेन्टर, थापाथली काठमाण्डौ ।

**छलफलका विषयहरु**

**१ सामान्य प्रस्ताव**

१.१ आ.व.२०७९।८० को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

१.२ आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

१.३ आ.व.२०८०।८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे ।

१.४ कम्पनीको स्वतन्त्र संचालकको नियुक्ति बारेमा बीमा ऐन २०७९ बमोजिम साधारण सभामा जानकारी गर्ने बारे ।

१.५ कम्पनीको मिति २०७६ श्रावण २८ गते सम्पन्न वार्षिक साधारण सभाबाट निर्वाचित संचालकहरुको पदावधि समाप्त भएपश्चात आगामी वार्षिक साधारण सभा सम्मको लागि पदावधि थप गर्ने तथा श्री गौरव अग्रवालज्युलाई संचालक नियुक्त गर्ने बारे संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने बारे ।

१.६ कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थापक समुह “क” का शेयरधनीबाट निर्वाचित हुने ३ (तीन) संचालक तथा सर्वसाधारण समुह “ख” का शेयरधनीबाट निर्वाचित हुने थप १ (एक) संचालकका लागि प्रचलित कानुनी व्यवस्था को अधिनमा रही शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका २०६३ बमोजिम निर्वाचन गर्ने बारे ।

१.७ विविध

**२ विशेष प्रस्ताव**

२.१ कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने वारे ।

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाण पत्र वा कम्पनीको शेयर अभौतिकिकरण गरेको देखिने अभौतिकिकरण खाताको विवरण प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाईने छ ।

२. सभामा भाग लिनका लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधी ( प्रोक्सी) फारम सभा हुने दिनभन्दा ४८ घण्टा अगावै बिहान ११ बजे भित्र कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । एकभन्दा बढी प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न सकिने छैन । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियूक्त भएको पाईएमा सबैभन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुने छ । प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिसकेपछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुने छ । तर मतदान गर्न पाउनु हुने छैन ।

३. नाबालक र विशिष्ट क्षमता भएका शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिईने छ ।

४. संयूक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत कितावमा पहिलो नाम उल्लेख भएको ब्यक्तिले अथवा सर्बसम्मतिबाट प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिएको एक जना ब्यक्तिले मात्र सभामा भाग लिन पाईने छ ।

५. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिन हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

६. मिति २०८० साल फाल्गुन २७ गते देखि साधारण सभा सम्पन्न नहुन्जेलसम्म शेयर दाखिला खारेज बन्द गरिने छ ।

७. छलफलको बिषय अर्न्तगत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको बिषयबारे २०८० साल चैत्र ७ गते सम्ममा कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनु पर्ने छ । त्यस्तो बिषय संचालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलका लागि समाबेश गरिने छ ।

८. कम्पनीको संचालक पदको निर्वाचन सम्बन्धी सम्पुर्ण सूचना एवम् जानकारी कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटीमा टाँस गरिने छ । साथै निर्वाचन सम्बन्धी बिस्तृत जानकारी कम्पनीको केन्द्रीय कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

९. संचालक समितिको प्रतिवेदन तथा लेखापरीक्षण भएको वित्तीय विवरणहरु कम्पनीको प्रधान कार्यालय, शाखा कार्यालयहरुमा सम्पर्क गरी वा कम्पनीको वेबसाइट www.shikharinsurance.com बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१०. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौमा, कार्यालय समयभित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव